नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

प्रेस विज्ञप्ति

पत्र संख्या:-
च.नं.:

कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारका लागि सम्माननीय प्रधानमन्त्रीज्यूबाट प्राप्त निर्देशनहरूको कार्यान्वयन गर्न सबै निकायबीच छलफल, थप समन्वय, सहजीकरण र नीतिगत सुधारका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय क्रियाशील छ।

गृह मन्त्रालयका अनुसार विगत २४ घण्टामा देशभरका विभिन्न सीमानाकाहरूबाट २,३५७ नेपाली नागरिकहरूले नेपाल प्रवेश गरेका छन्। हाल सम्म देशभर ३,२०० (एक सय बेड थप भएको) क्वारेन्टिन बेडहरूको प्रबन्ध गरिकोमा करीब ५०० बेडहरू प्रयोगमा आएका छन्। क्वारेन्टिनहरूको गुणस्तर सुनिश्चितता र नियम पालनाका लागि जेठ ९ गते ८२ क्वारेन्टिन स्थलहरूको अनुगमन गरिएको छ। अक्सिजन उत्पादन, आपूर्ति र वितरणलाई प्रभावकारी बनाउन जम्मा १४० स्थानमा अनुगमन भएको छ। अनुगमनको क्रममा देशभर विभिन्न उद्योग तथा निर्माण क्षेत्रमा रहेको ३,५५२ अक्सिजन सिलिण्डर मेडिकल प्रयोजनका लागि फिर्ता भएको विवरण प्राप्त भएको छ। त्यसैगरी देशभर ८० वटा अक्सिजन प्लान्ट सञ्चालनमा रहेका छन्। विगत २४ घण्टामा २३३ अक्सिजन सिलिण्डर संकलन र ३२६ अक्सिजन सिलिण्डर वितरण गरिएको छ। निषेधको आदेश पालनाको निरन्तर अनुगमन भएको छ र यसक्रममा आदेशको उलंघन गर्ने १,७६७ सवारीसाधनलाई कारवाही गरिएको जनाइएको छ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका अनुसार दैनिक रुपमा उपत्यकाभित्रका १० वटा अक्सिजन उद्योगमध्ये ९ वटा उद्योगबाट ६,८०८ वटा सिलिण्डर र उपत्यका बाहिर १९ वटा अक्सिजन उद्योगबाट ९,४७० वटा सिलिण्डर गरी कुल १६,२७८ वटा सिलिण्डर अक्सिजन भरेर विभिन्न अस्पतालहरूमा वितरण भएको छ। तरल अक्सिजन आयात प्रयोजनका लागि १५,००० के.जी. अक्सिटमका ५ वटा ट्याङ्करहरू र ५,००० के.जी. अक्सिटमको १ वटा गरी जम्मा ६ वटा ट्याङ्करहरूमार्फत प्रति ५ दिनमा ८०,००० के.जी. अक्सिटम तरल अक्सिजन भारतबाट आयात भइरहेको छ। खाद्यान्न लगायत अत्यावश्यक वस्तुहरूको ढुवानीको सहजीकरण भइरहेको, आपूर्तिमा समस्या नरहेको जनाइएको छ। साथै वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागबाट दुईवटा खाद्यान्न फर्म/ व्यवसायको अनुगमन गरी रु. २०,०००।- जरिवाना गरिएको जनाइएको छ।

परराष्ट्र मन्त्रालयका अनुसार अमेरिकाबाट तीनवटा कार्गो विमानद्वारा केही दिनभित्रै सबै स्वास्थ्य सामग्रीहरू ५,००,००० र्‍यापिड डाइग्नोष्टिक टेष्ट, ५,००,००० सर्जिकल मास्क, ९,६२,००० केएन



टेलिफोन : ४२११०६३, ४२११०२१, ४२११०७७, ४२११०६६
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई–मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च.नं.: -

९५ मास्क, ५०,००० फेस सिल्ड, २,६०० बडि ब्याग, १४,००,००० गाउन, ५०,००० गगल्स र १,००,००० शुकभर नेपाल आइपुग्ने भएको जानकारी प्राप्त भएको छ। यस्तै स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले अमेरिकाबाट ५० लाख डोज जोन्सन एण्ड जोन्सन भ्याक्सिन खरिद गर्न पत्राचार गरेकोमा सम्बन्धित दूतावासबाट आवश्यक समन्वय भइरहेको छ। त्यस्तै सोही परिमाणमा एस्ट्राजेनिका भ्याक्सिन खरीद गर्न बेलायती निकायसंग समन्वय भइरहेको समेत जनाइएको छ।

अर्थ मन्त्रालयका अनुसार कोभिड-१९ रोकथाम, नियन्त्रण र उपचारको लागि ४१,९०,२५४ थान विभिन्न मेडिकल उपकरणहरू र ५,०६७ एम.टि.क्यू. अक्सिजन, ३,००० भायल्स रेम्डिसिभर, १०,७१५ के.जी. स्यानिटाईजर, ७४० के.जी. कोभिड-१९ टेष्ट किट सहित औषधिहरू पैठारी भएको जनाइएको छ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका अनुसार गत २४ घण्टामा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका साथै पोखरा, नेपालगञ्ज र लुक्ला विमानस्थलबाट विभिन्न वायुसेवाले ६४ आन्तरिक उडान भरी जम्मा ११० यात्रुको उद्धार गरिएको जनाइएको छ।

उपचारात्मक प्रणाली विशेषगरी अस्पताल, अस्पतालका शैय्याहरू, अक्सिजन, आईसियू र भेन्टिलेटरको क्षमता वृद्धि संगसंगै बिरामीको उपचारका सन्दर्भमा थप व्यवस्थित गर्न/गराउन सबै सरोकारवालाहरूलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अपिल गर्दछ।

मिति २०७८ जेठ १०

किरणराज शर्मा
प्रवक्ता



टेलिफोन : ४२११०६३, ४२११०२१, ४२११०७७, ४२११०६६
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np